# सखुवानन्कारकट्टी गाउँपालिका
# Sakhuwanankarkatti Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of The Municipal Executive

प.सं.(Letter No.): २०७८/७९
च.नं.(Ref.No.): २५

सखुवानन्कारकट्टी, सिरहा
Sakhuwanankarkatti, Siraha
प्रदेश नं. २ नेपाल, Province No. 2, Nepal

मिति :२०७८।०४।०३ गते

**विषय :- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै,**
**सखुवानन्कारकट्टी गा.पा., सिरहा ।**

उपर्यूक्त सम्वन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरवार, काठमाण्डौंको प.सं. २०७८।०७९ च.नं. ६१ मिति २०७८।०४।०३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो सो सम्वन्धमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुले चालु आ.व. २०७८।०७९ देखी त्रैमासिक वजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भएको हुदाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुको विवरण २०७८ श्रावण महिना देखी भाद्र मसान्त भित्र नविकरण गरी सक्नुपर्ने भएकाले सोहि वमोजिम नविकरण तथा लगत अध्यावधिक गर्नुहुन अनुरोध छ । वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त असहाय भएका तथा ९० वर्ष माथिका जेष्ठ नागरिकहरुका हकमा निजका आमा, वुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भइ नविकरण गराउन सकिने छ ।

**आवश्यक कागजपत्रहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. पासपोर्ट साइजको २ प्रति फोटो,
३. सामाजिक सुरक्षा प्राप्त गरिरहेको परिचय पत्रको प्रतिलिपी/परिचयपत्र नम्वर
४. वालवालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरीकता प्रमाणपत्रको प्रतिलिपि,
५. अपाङ्गता भएका व्यक्तिको हकमा पालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
६. असहाय एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
७. विवाह नगरी ६० वर्ष उमेर पुरा भएकी महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,
८. सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिका महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि,
९. न्यायीक पृथकिकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायीक पृथकिकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
१०. आवश्यकता अनुसार वसाई सराई दर्ता प्रमाण पत्र तथा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

***नोट :*** *तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।*

.....................
रामकिशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सुचना प्रविधि शाखा, सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा, पत्र वेवसाईटमा अप्लोड गरिदिनुहुन ।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६१

मिति :२०७८/०४/०३

विषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्वन्धमा ।

श्री स्थानीय तह सवै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को वजेट वजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक वजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्वन्धमा देहाय वमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।
२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।
३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।
४. त्रैमासिक वजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या वमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लांभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।
५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८/०४/०३
(मेघ राज शंकर)
शाखा अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र

## नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

**सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि कार्तिक मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं।**

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

Scanned with CamScanner